तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका बैठक संख्या ८/०७६/०७७ (७३) मितिः २०७६।०७।०८ गते ।**

प्रस्तावहरु :

१. पक्की सडक मर्मत सम्बन्धमा ।

२. सडक बोर्डतर्फका योजनाहरु सम्बन्धमा ।

३. लगानी प्रवर्धन समिति गठन सम्बन्धमा ।

४. तिलोत्तमा सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत सम्बन्धमा ।

५. निजी जग्गाको माटो उत्खनन् कार्यविधि, २०७६ सम्बन्धमा ।

६. तिलोत्तमा नगरपालिकाको ""घ" **वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४"** सम्बन्धमा ।

७. अन्य स्थानीय तहमा स्थायी ठेगाना भएको **"व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७५"** संशोधन सम्बन्धमा ।

८. नियमावली, कार्यविधि, निर्देशिकाका मस्यौदाहरु निर्माण सम्बन्धमा ।

९. **"तिलोत्तमा नगरपालिकामा करारमा प्राविधिक एवम् श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६"** सम्बन्धमा ।

१०. विविध ।

क) खरिद सूचना सम्बन्धमा ।

ख) मकै/गहुँको बीउँमा अनुदान सम्बन्धमा ।

ग) वडा नं.-३ को योजना सम्बन्धमा ।

घ) मुख्य प्रशासनिक भवनका थप अत्यावश्यक संरचना र सडक निर्माण सम्बन्धमा ।

ङ) कर्मचारी पदपूर्ति सम्बन्धमा ।

च) नेपाल बैकंसँगको सम्झौता तथा कार्यविधि बमोजिम बैकं खाता संचालन सम्बन्धमा ।

छ) दुग्ध उत्पादन किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा ।

ज) रेडिमिक्स कंक्रिट प्रा.लि. को ३५ दिने सूचना सम्बन्धमा ।

झ) नियुक्ति बदर सम्बन्धमा ।

**माधव प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

निर्णयहरु :

निर्णय नं.-१

- यस नगरपालिका क्षेत्र अन्तर्गतका विभिन्न वडामा विगत समयमा कालोपत्रे सडक निर्माण गरिएको तर लामो समय सम्म मर्मत सम्भार नहुँदा आवत जावतमा कठिनाई देखिन आएकोले उक्त सडकहरुको स्थलगत सर्वेक्षण गर्न देहायको प्राविधिक समिति गठन गरी प्राविधिकहरुको स्थलगत सर्वेक्षण र लागत अनुमान गरी चालू आ.व.को मर्मत सम्भार कोष र अ.ल्या. रकम एकिन गरी प्राथमिकताको आधारमा मर्मत तथा स्तरोन्नती गर्ने निर्णय गरियो।

प्राविधिक समिति :

| | | |
|---|---|---|
| ईन्जिनियर श्री प्रदिप वन | - | संयोजक |
| ईन्जिनियर श्री गिरीराज डुम्रे | - | सदस्य |
| ईन्जिनियर श्री कमल खड्का | - | सदस्य |

निर्णय नं.-२

- चालू आ.व.२०७६/०७७ का लागि सडक बोर्ड तर्फ आन्तरिक स्रोतबाट ५० लाख र सडक बोर्डबाट ५० लाख गरी १ करोड विनियोजन भएकोमा सडक बोर्डबाट ४८ लाख आएकोले सडकबोर्ड अन्तर्गतको सडक बोर्ड नेपाल साझेदारी कार्यक्रम (कार्यपालिकाको निर्णय अनुसार) योजनमा ३० लाख छुट्याइकोमा वडा नं. ९, ७ हुँदै १० जाने मंगलापुर कान्छिबजार सडकका लागि रु.२८ लाख रकम सडक मर्मत सम्भारका लागि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

- ऐतिहासिक "**तिलोत्तमा लगानी सम्मेलन-२०७६**" सौहार्दपूर्ण वातावरणमा सम्पन्न भए पश्चात् उक्त सम्मेलनको मर्मलाई आत्मसात गर्दै लगानी सम्मेलनको क्रममा गरिएको समझदारीपत्र एवम् प्रतिवद्धता तथा सरोकारवालाहरुबाट प्राप्त राय, सल्लाह, सुझाव तथा परामर्शलाई ग्रहण गरी थप गतिशिलता दिन देहायका सदस्यहरु रहने गरी **लगानी प्रवर्धन समिति** तथा उक्त समितिलाई राय परामर्श दिन **सल्लाहकार समिति** गठन गर्ने निर्णय गरियो ।

लगानी प्रवर्धन समिति

| | | |
|---|---|---|
| १) | नगर प्रमुख, श्री बासुदेव घिमिरे | - संयोजक |
| २) | नगर उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | - सदस्य |
| ३) | वडाध्यक्ष, श्री दुर्गा प्रसाद पाण्डे | - सदस्य |
| ४) | वडाध्यक्ष, श्री नारायण न्यौपाने | - सदस्य |
| ५) | वडाध्यक्ष, श्री टंक प्रसाद तिवारी | - सदस्य |
| ६) | वडाध्यक्ष, श्री गणेश न्यौपाने | - सदस्य |

माधव प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ७) | वडाध्यक्ष, श्री चेतनारायण भण्डारी | - सदस्य |
| ८) | शाखा अधिकृत, श्री माधव प्रसाद पोखेल | - सदस्य |
| ९) | ईन्जिनियर, श्री प्रदिप वन | - सदस्य |
| १०) | प्र.प्र.अ., श्री माधव प्रसाद शर्मा | - सदस्य सचिव |

**सल्लाहकार समिति**

| | | |
|---|---|---|
| १) | माननीय विष्णु प्रसाद पौडेल | - संयोजक |
| २) | माननीय घनश्याम भुसाल | - सदस्य |
| ३) | माननीय छविलाल विश्वकर्मा | - सदस्य |
| ४) | माननीय बालकृष्ण खाँण | - सदस्य |
| ५) | माननीय लिला गिरी | - सदस्य |
| ६) | माननीय कृष्ण न्यौपाने | - सदस्य |
| ७) | माननीय दधिराम न्यौपाने | - सदस्य |
| ८) | माननीय सन्तोष कुमार पाण्डे | - सदस्य |
| ९) | माननीय तुल्सी चौधरी | - सदस्य |
| १०) | माननीय रमा अर्याल | - सदस्य |
| ११) | माननीय बलदेव शर्मा पोखेल | - सदस्य |

निर्णय नं.-४

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४ को उपदफा (२) बमोजिम **"तिलोत्तमा सार्वजनिक खरिद नियमावली, २०७६"** माथि दफावार छलफल गरी पारित गरियो ।

**माधव प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

निर्णय नं.-५

- तिलोत्तमा नगरपालिकाको **"निजी जग्गाको माटो उत्खनन् कार्यविधि, २०७६"** मा संशोधनका लागि पेश भएका विभिन्न दफाहरुमा छलफल गरी देहाय बमोजिम कायम हुने गरी संशोधन गरियो ।

| क्र.सं | हालको व्यवस्था | संशोधन गरी कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | **खण्ड ४ राजश्व सम्बन्धी व्यवस्था को नियम १ मा**<br>१) निजी जग्गा वा पोखरीको माटो उत्खनन् तथा ओसारपसार गर्नका लागि देहाय बमोजिम राजश्व बुझाउनुपर्नेछ ।<br>क) उत्खनन्मा<br>माटो प्रति घन फुट रु.२ ।<br>नदिजन्य पदार्थ प्रति घनफुट रु.६। (मू.अ.कर बाहेक)<br>ख) ढुवानीमा बाटो मर्मत सम्भार तथा पर्यावरण शुल्क<br>प्रति टाली रु.५०।-<br>प्रति ट्रक/ट्रीपर रु.१५०।-<br>प्रति १० चक्के रु.२००।-<br>ग) सवारी साधन दर्ता<br>ट्रयाक्टर-बार्षिक रु.५,०००।-<br>ट्रीपर- बार्षिक रु.८,०००।-<br>हाईवा- बार्षिक रु.१२,०००।-<br>भारियन्त्र- बार्षिक रु.२५,०००।- | **खण्ड ४ राजश्व सम्बन्धी व्यवस्था को नियम १ मा**<br>१) निजि जग्गा वा पोखरीको माटो उत्खनन् तथा ओसारपसार गर्नका लागि देहाय बमोजिम राजश्व बुझाउनुपर्नेछ ।<br>क) उत्खनन्मा : साविकको व्यवस्था हटाई देहाय बमोजिम कायम गर्ने<br>माटो - आर्थिक ऐनले तोके बमोजिम हुनेछ<br>नदिजन्य पदार्थ - आर्थिक ऐनले तोके बमोजिम हुनेछ<br>ख) ढुवानीमा बाटो मर्मत सम्भार तथा पर्यावरण शुल्क : साविकको व्यवस्था यथावतै<br>ग) सवारी साधन दर्ता-साविकको व्यवस्था सट्टमा देहायको दर कायम गर्ने<br>ट्रयाक्टर-बार्षिक रु.२,०००।-<br>ट्रीपर- बार्षिक रु.५,०००।-<br>हाईवा- बार्षिक रु.१००००।- (भित्री सडकमा गुड्न नपाइने)<br>भारि यन्त्र- बार्षिक रु.१५,०००।- | छिमेकी पालिकाहरुको राजश्व दरसंग मिल्दोजुल्दो बनाउन आवश्यक देखिएकोले |
| २ | २) माथि १ (क) को माटोमा जुनसुकै कुरा लेखिएको भएतापनि पोखरी बनाई बढी भएको माटो ढुवानी गर्नुपरेमा ढुवानी गर्ने परिमाणमा मात्र रु.२। राजश्व लाग्नेछ । | २) माथि १ (क) को माटोमा जुनसुकै कुरा लेखिएको भएता पनि पोखरी बनाई बढी भएको माटो ढुवानी गर्नुपरेमा ढुवानी गर्ने परिमाणमा मात्र ( १क) बमोजिमको राजश्व लाग्नेछ । | |



माधव प्रसाद [illegible]
प्रमुख प्रशासकीय [illegible]

निर्णय नं.-६

- तिलोत्तमा नगरपालिकाको ""घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४" मा देहाय बमोजिम कायम हुने गरी सशोधन गर्ने निर्णय गरियो ।

| क.सं | हालको व्यवस्था | संशोधन गरि कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| | | **कार्यविधिको दफा ४ पछि देहायको दफा (४क) र दफा (४ख) थप गर्नुपर्ने** | |
| १ | x | **४क इजाजतपत्रको नामसारी**<br>१) एक व्यवसायीले लिएको ईजाजतपत्र अर्को व्यवसायीको नाममा नामसारी दिन सकिने छ ।<br>२) उपदफा (१) बमोजिम ईजाजत पत्र नामसारी दिन लिन परेमा<br>क) निर्माण व्यवसायीको फर्म दर्ता गर्ने कार्यालयबाट फर्म नामसारि भएको हुनुपर्नेछ ।<br>ख) नामसारी लिने व्यवसायीले पनि नयाँ ईजाजत लिने चाहने योग्यता र प्रकृया पुरा गरेको हुनुपर्नेछ । | प्रावधान थप गर्न आवश्यक देखिएकोले । |
| २ | x | **४ ख इजाजतपत्रको ठाउँसारी**<br>१) अन्य स्थानीय तहबाट ईजाजत लिएका व्यवसायीले तिलोत्तमा नगरपालिकामा ठाउंसारि भई आउन कारण खोली निवेदन दिएमा त्यस्तो कारण मनासिव देखिएमा निजको साविकको ईजाजत रद्द गरि तिलोत्तमा नगरपालिकाको नामबाट ईजाजत दिन सकिने छ ।<br>२) उपदफा (१) बमोजिम ठाउँसारिको निवेदन दिनुपूर्व फर्मको दर्ताको प्रमाणपत्रमा ठाउँसारि भई जाने स्थानको ठेगाना कायम गराएको हुनुपर्नेछ ।<br>३) ठाँउसारी भइ आउन चाहेमा तिलोत्तमा नपाको इजाजत पत्र सम्बन्धी कार्यविधिले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।<br>४) यस कार्यालयको नामबाट ईजाजत लिएका व्यवसायीले अन्य स्थानीय तहमा ठाउंसारि भई जान चाहेमा कार्यालयले लगत कट्टा गरी ठाउँसारि गरिदिनुपर्नेछ । | |

माधव प्रस...
प्रमुख प्रशासकीय ...

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

निर्णय नं.-७

- अन्य स्थानीय तहमा स्थायी ठेगाना भएको "**व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७५**" संशोधन प्रस्ताव (प्रथम पटक) माथि दफावार छलफल गरी पारित गरियो ।

| क.सं | हालको व्यवस्था | संशोधन गरि कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | **दफा ३ मा भएको व्यवस्था**<br>नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नुअघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नुपर्ने छ । | **दफा ३ मा हुने व्यवस्था**<br>नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नुअघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नुपर्ने छ। अन्यत्र स्थायी ठेगाना भइ व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुको यस तिलोत्तमा नगरपालिका क्षेत्रभित्र व्यवसायिक कारोवार रहेमा वा व्यवसायिक कारोवार गर्न चाहेमा पनि यस नगरपालिका कार्यालयमा यस कार्यविधि बमोजिम दर्ता गरि व्यवसायिक कारोवार गर्नुपर्नेछ।<br>माथि जुनसुकै कुरा उल्लेख भएतापनि निर्माण व्यवसायीहरुले टेन्डर खरिद प्रक्रियाको हकमा व्यवसाय दर्ता गरिरहन आवश्यक रहनेछैन। | प्रावधान थप गर्न आवश्यक देखिएकोले । |
| २ | **दफा ९ को उपदफा (२) मा भएको व्यवस्था**<br>उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले फिल्डमा गइ आवश्यक जाँचबुझ समेत गरि संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे बापत रु. १०००।– थप दस्तुर लिइ विवरण संशोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ । व्यवसाय दर्ता भएको ३५ दिनभित्र कार्यालयबाट कर्मचारी फिल्डमा नगइ कुनै विवरण हेरफेर गर्नुपर्ने अवस्था रहेमा निःशुल्क सेवा दिनुपर्नेछ । तर ३५ दिन कटेको अवस्थामा फिल्डमा नभइ जुनसुकै विवरण हेरफेर गर्दा समेत दस्तुर रु. १०००। लाग्नेछ। | **दफा ९ को उपदफा (२) मा हुने व्यवस्था**<br>उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले फिल्डमा गइ आवश्यक जाँचबुझ समेत गरि संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे बापत रु. १०००।– थप दस्तुर लिइ विवरण संशोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ। तर व्यवसाय दर्ता भएको ३५ दिनभित्र कार्यालयबाट कर्मचारी फिल्डमा नगइ कुनै विवरण हेरफेर गर्नुपर्ने अवस्था रहेमा निःशुल्क सेवा दिनुपर्नेछ। तर ३५ दिन कटेको अवस्थामा फिल्डमा नभइ जुनसुकै विवरण हेरफेर गर्दा समेत दस्तुर रु. ५००। लाग्नेछ | |



माधव प्रसाद
प्रमुख प्रशासकीय

निर्णय नं.-८

- देहाय बमोजिमका नियमावली, कार्यविधि, निर्देशिकाकाहरु निर्माण गर्न सैद्धान्तिक स्वीकृती प्रदान गरियो । साथै, ति कानुनका मस्यौदाहरु निर्माण गरी पेश गर्न आर्थिक विकास शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।
    १) तिलोत्तमा नगरपालिकाको सहकारी नियमावली ।
    २) सहकारी संस्थाहरुको अनुगमन निर्देशिका ।
    ३) सहकारी संस्थाहरुको एकिकरण सम्बन्धी कार्यविधि ।
    ४) तिलोत्तमा भ्यू टावर संचालन तथा व्यवस्थापन कार्यविधि ।
    ५) तिलोत्तमा अतिथिगृह तथा सभा हल संचालन तथा व्यवस्थापन कार्यविधि ।

निर्णय नं.-९

- कर्मचारी प्रशासन शाखाबाट प्रेषित नगर उप-प्रमुख श्री जगेश्वरदेवी चौधरीज्यूबाट प्रस्तुत **"तिलोत्तमा नगरपालिकामा करारमा प्राविधिक एवम् श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६"** माथि दफावार छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं.-१० (क)

- तिलोत्तमा नगरपालिकाको चालू आ.व.मा विनियोजित बजेटको परिधिभित्र रही प्राथमिकताका आधारमा यथाशिघ्र निम्न सवारी साधनको खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | सवारी साधनको नाम | संख्या |
|---|---|---|
| १ | ब्रुमर मेशिन | १ थान |
| २ | ट्याङ्कर सहितको ट्याक्टर | १ थान |
| ३ | विद्युत् पोल गाड्ने तथा उखेल्ने मेशिन | १ थान |
| ४ | घाँस काट्ने मेशिन | २ थान |
| ५ | बाटो पक्की गर्ने यन्त्र | १ थान |
| *नोट : विनियोजित बजेटबाट अपूग भएको रकम अ.ल्या.बाट व्यवस्थापन गर्न सकिनेछ ।* | | |

निर्णय नं.-१० (ख)

- कृषि उत्पादनमा आत्मनिर्भर बन्न तथा कृषकहरुलाई प्रोत्साहित गर्न आर्थिक वर्ष २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम र बजेटको परिधीभित्र रही वडाको सिफारिसमा गत वर्ष जस्तै यस आर्थिक वर्षमा समेत गहुँको विउँमा ४० प्रतिशत अनुदान दिने निर्णय गरियो । साथै, मकै विउँ अनुदानमा विनियोजित रकमको परिधिभित्र रही कृषकहरुलाई ७५ प्रतिशत अनुदानमा मकैको उन्नत तथा हाइव्रिड विउँ उपलब्ध गराउने निर्णय गरियो । साथै, बिउँ खरिद गरी वितरणको व्यवस्था मिलाउन खरिद ऐन तथा नियमावली अनुसार खरिद तथा वितरण प्रक्रियाको लागि स्थानीय कृषि व्यवसाय प्रवर्धन समिति/उप-समितिको समन्वयमा कृषि शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० (ग)

- तिलोत्तमा नगरपालिकाको वडा नं.-३ अन्तर्गत भुसाल निर्माण सेवाको मिति २०७६/०६/२२ गतेको पत्रानुसार ठे.नं.२९/०७५/०७६ को मगरघाट पूर्वाधार निर्माण कार्य सम्पन्न गर्न अझै केही समय लाग्ने भएको हुँदा काम सम्पन्न गर्न १ महिनाको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० (घ)

- निर्माणाधिन मुख्य प्रशासनिक भवनबाट दैनिक प्रशासनिक कार्य सुचारु गर्ने क्रममा तत्काल निर्माण गर्न आवश्यक देखिएका चमेनागृह, नगर प्रहरीका लागि आवास, सवारी साधन पार्किङ्गका लागि ट्रस र लिफ्ट जडान, कम्पाउण्ड वाल लगायतका थप संरचनाहरु र शंकरपुर देखि उक्त भवनसम्म जाने कालोपत्रे सडक निर्माणका लागि चालू आ.व. २०७६/०७७ को विनियोजित रकमबाट अपुग रकम आगामी आ.व.मा क्रमागत रुपमा विनियोजन गर्ने गरी हाल उक्त संरचनाहरुको निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.-१० (ङ)

- क) कार्यालयको कामकाजलाई व्यवस्थित, सरलिकरण र सहज बनाउन थप प्राविधिक एवम् श्रेणीविहिन कर्मचारीको आवश्यकता महशुस गरी तपसिल बमोजिमका पदका लागि देहाय बमोजमको संख्यामा कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो ।

  १) Structural Engineer - १ जना
  २) सहायक कम्प्यूटर अपरेटर - ७ जना
  ३) Assistant Sub Engineer - ७ जना
  ४) नगर प्रहरी - ३ जना
  ५) कृषि तर्फ ना.प्रा.स. - २ (करारमा सेवा लिने, Field मा किसानहरुलाई प्रत्यक्ष Refortify गर्ने, प्रस्तावना तयार गरिदिने, सूचना सम्प्रेसण गर्ने)
  ६) पशु प्राविधिक ना.प्रा.स. - ३ जना

  ख) न्यायिक समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन १ जना कानूनी परामर्शदाता लिने निर्णय गरियो ।

  ग) नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आ.व. २०७६/०७७ शीर्षक स्वास्थ्य (९) स्वास्थ्य चौकीमा विशेषज्ञ चिकित्सक सहितको सेवा संचालन, नगरस्तरीय योजनामा बजेट विनियोजन गरिएकोमा तिलोत्तमा नरपालिकाको वडा नं.१० स्थित सेमरा स्वास्थ्य चौकीमा कामकाज गर्नका लागि १ जना MBBS डाक्टर सेवा करारमा राख्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.-१० (च)

- कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा लगानी गरी उत्पादन तथा स्वरोजगारको माध्यमबाट आत्मनिर्भर बन्न तिलोत्तमा नगर क्षेत्रका विपन्न वर्गका युवा वर्गलाई लक्षित गरी उनीहरुमा भएको ज्ञान, सीप, उद्यमशिलता तथा सिर्जनशिलतालाई प्रोत्साहित गर्न यस नगरपालिकाले नेपाल बैंकसँगको सहकार्य विना धितो ऋण उपलब्ध गराइ स्वदेशमै रोजगारीका अवसरहरु सृजना गरी विपन्न तथा अल्पसंख्यक समुदायको जीवनस्तरमा सुधार ल्याउन **"तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६"** बमोजिमको गत वर्षको बाँकी रहेको मौज्दातबाट रु. १ करोड रकम बैंक खातामा राख्ने निर्णय गरियो ।

निर्णय नं.-१० (छ)

- नगरपालिकाको स्वीकृत नगर विकास योजनामा समावेश भएको दुग्ध उत्पादक कृषकलाई प्रति लिटर रु. १ अनुदान उपलब्ध गराउने कार्यक्रमको लागि पेश हुन आएको माग बमोजिम सबै सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने निर्णय गरियो । साथै, विनियोजित रकमबाट अपूग भएको रकम बाँडफाँड हुन बाँकी गत गर्षको अ.ल्या.बाट खर्च लेख्ने गरी थप अनुदानको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.-१० (ज)

- यस नगरपालिकाको वडा नं.-३ मा सञ्चालित रेडिमिक्स कंक्रिट प्रा.लि. विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको मुद्धाको सत्य तथ्य छानविन गर्दा सार्वजनिक जग्गा अतिक्रमण गरिएको पाइएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (क) को २ को (छ) मा सार्वजनिक जग्गा संरक्षणको दायित्व स्थानीय तहको भनिएकोले उक्त कम्पनीलाई अतिक्रमित जग्गा खालि गर्न ३५ दिने सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० (झ)

- तिलोत्तमा नगरपालिकाको मिति २०७५/०३/२८ गतेको बैठक संख्या ३६ को निर्णय नं. ७ (ग) बाट यस कार्यालयमा मुखिया पदमा कार्यरत अस्थायी कर्मचारी दिपक कंडेलको मुखिया पद खारेज गरी खरिदार वा सो सरहको पदमा कायम गर्ने निर्णय भए बमोजिम निजलाई खरिदार पदमा नियुक्ति दिएकोमा सो नियुक्ति प्रक्रिया विधि सम्मत नदेखिएकोले निजको नियुक्ति बदर गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७६/०७७, च.नं. १२९, मिति २०७६/०६/०६ गतेको पत्रानुसार लेखि आएकोले उक्त नियुक्ति खारेज गर्दै बदर गर्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत